# मिथिला नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

ढल्केवर, धनुषा
मधेश प्रदेश, नेपाल
।राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण सेवा इकाई शाखा।

पत्र संख्याः २०८०/०८१
च.नं. ७७८

मितिः२०८०/०८/१९

श्री वडा कार्यलयहरु सबै ।
मिथिला नगरपालिका ,
ढल्केवर, धनुषा ।

**विषयः लाभग्राहीको विवरण प्रविष्ट गर्दा राष्ट्रिय परिचय नम्बर अनिवार्य गर्ने सम्वन्धमा ।**

प्रस्तुत विषयमा श्री राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग, सिंहदरबार काठमाडौं को प.सं. २०८०।०८१ च.न. २५९ मिति२०८०/०८/१८ गते प्राप्त पत्र बमोजिम सामाजिक सुरक्षा भत्ता विवरण प्रणालीलाई त्रुटिरहित बनाउन नयाँ लाभग्राहीहरुको विवरण प्रविष्ट गर्दा राष्ट्रिय परिचयपत्रका लागि विवरण गरी प्राप्त भएको वास्तविक राष्ट्रिय परिचयपत्र नम्बर मात्रै प्रविष्ट गर्नुहुन लेखी आएको हुँदा सोही बमोजिम गर्न गराउनुहुन अनुरोध छ । साथै श्री राष्ट्रिय परिचय पञ्जीकरण विभागको पत्रसमेत यसै पत्र साथ संलग्न राखिएको व्यहोरा अनुरोध छ ।

..............................
[illegible]
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत



वेबसाइटः www.mithilamun.gov.np
Email: ito.mithilamun@gmail.com / info@mithilamun.gov.np

नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- २०८०।८१

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :- २४९

मिति: २०८०।०८।१८

विषय :लाभग्राहीको विवरण प्रविष्ट गर्दा राष्ट्रिय परिचय नम्बर अनिवार्य गर्ने सम्बन्धमा।

श्री स्थानीय तह, सबै ।

सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई त्रुटिरहित बनाउन यस विभागको मिति २०८०/०३/१९ गतेको पत्रको प्रकरण नं. ४ बाट १६ वर्ष भन्दा माथिको व्यक्तिलाई अब उप्रान्त नयाँ लाभग्राहीको रुपमा विवरण प्रविष्ट गर्दा राष्ट्रिय परिचय नम्बर अनिवार्य गराउन अनुरोध भएकोमा केही स्थानीय तहबाट राष्ट्रिय परिचय नम्बरको स्थानमा काल्पनिक १० अंक राखी नयाँ लाभग्राही विवरण प्रविष्ट गरिएको देखिएकाले सम्बन्धित लाभग्राहीको राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गरी प्राप्त भएको बास्तविक राष्ट्रिय परिचय नम्बर मात्रै प्रविष्ट गर्नुहुन निर्णयानुसार अनुरोध छ।

(समीर भण्डारी)
शाखा अधिकृत

<u>बोधार्थ:</u>

श्री जिल्ला/इलाका प्रशासन कार्यालय, सबै: सामाजिक सुरक्षा भत्ताका लाभग्राही राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गराउन आउँदा निजहरुलाई प्राथमिकतामा राखी आवश्यक सहजीकरण हुन।